# गाउँ कार्यपालिकाको कार्यालय

भलादी डाँडा, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३

च.नं. १००४

मितिः- २०८२/११/०५

विषयः जानकारी गराईएको सम्बन्धमा ।

श्री लेकाली एकीकृत कृषि फार्म प्रा.लि.
तादी गा.पा.- ३, नुवाकोट ।

प्रस्तुत विषयमा यस लिखु गाउँपालिका र तहाँ लेकाली एकीकृत कृषि फर्म प्रा.लि. विच मिति २०७९।०६।०७ गते भएको संझौता बमोजिम हाल लिखु गाउँपालिका वडा नं. ४ साविक चौघडा गाविसको कि.नं. ८०४,५८३,५५४,५५३,५५५ र ५५८ को करीब ५४ रोपनी जग्गा मध्ये ४० रोपनी जग्गा प्रथम पक्ष (लिखु गाउँपालिका) ले सामुहिक कृषि गर्नको लागि दोस्रो पक्ष (लेकाली एकीकृत कृषि फर्म प्रा.लि.) लाई भाडामा उपलब्ध गराउने भनी भएको सम्झौता विदितै छ । सो सम्बन्धमा, तहाँ कृषि फार्मले आजका मिति सम्म पनि यस कार्यालय सँग सम्पर्कमा नआई संझौताको शर्तहरु समेत पालना नगरेको र भाडामा लिएको जग्गा प्रयोजन विहिन बनाइ राखेको हुँदा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/११/०५ को निर्णय अनुसार लिखु गाउँपालिका र तहाँ कृषि फर्म प्रा.लि. विच भएको सम्झौताका शर्त बमोजिम हाल सम्मको तिर्न बाँकी बक्यौता रकम अशुल गरी संझौता भंग गर्ने भनि निर्णय भएको हुँदा आजको मितिले ७ दिन भित्र यस कार्यालयमा बुझाउनुपर्ने बाँकी बक्यौता रकम सहित उपस्थित हुनुहुन निर्देशानुसार अनुरोध छ ।

२०८२।११।०५

अशोक बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध लिखुको आधार कृषि, शिक्षा र पूर्वाधार

email: likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.np
website: www.likhumunnuwakot.gov.np